मंगलसेन नगरपालिका

# नगरसभाको एघारौं अधिवेशनमा

नगर उप-प्रमुख

## श्री संगिता कुमारी रावल ज्यूले

प्रस्तुत गर्नुभएको

# आ.व.२०८०/०८१

को

# बजेट वक्तव्य

# मंगलसेन नगरपालिका

सुदुरपश्चिम प्रदेश, अछाम

नेपाल

२०८० साल असार ८ गते शुक्रबार

नगरसभाका अध्यक्ष महोदय,

१. मंगलसेन नगरपालिकाको एघारौं अधिबेशनको गरिमामय बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक एवम् नगर उप-प्रमुखको हैसियतले आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

२. मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रुपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, राजनैतिक आन्दोलनका क्रममा बेपत्ता, घाइते र अपाङ्ग भएका नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुर्याएको योगदानलाई आदरपूर्वक स्मरण गर्न चाहन्छु ।

३. आगामी बजेट नगरको समृद्धी, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । आम जनताको विकास र समृद्धिको चाहानालाई सम्बोधन गर्ने तथा पछाडि परेका वर्ग, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेकी छु ।

४. बजेट तर्जुमा गर्दा नेपालको संविधान,स्थानीय सरकार संचालन ऐन, २०७४,दिगो विकास लक्ष्य, नगरको प्रथम पञ्चवर्षिय आवधिक योजना, संघिय सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम र प्राथमिकता, नीति तथा कार्यक्रम र विनियोजन विधेयक निर्माणका क्रममा प्राप्त सुझाव, महालेखा परीक्षकको वार्षिक प्रगति प्रतिवेदनबाट प्राप्त सुझाव, हालसम्म प्राप्त उपलब्धी तथा अनुभव लाई मार्गदर्शनको रुपमा लिएकी छु ।

५. आगामी आर्थिक वर्षको बजेट जनअपेक्षा अनुसार कार्यान्वयन गर्न नगरपालिका संग सम्बन्धित सबै राजनीतिक दल, सरकारी तथा गैर सरकारी क्षेत्र, शिक्षक, बुद्धिजिवी, सरोकारवालाहरु र आम नगरवासीहरुको साथ सहयोग र सहकार्यका लागि आव्हान गर्दछु ।

**सभाअध्यक्ष ज्यू,**

अब म, चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

६. चालु आर्थिक वर्षमा कुल आय अनुमान **६० करोड ८ लाख २९ हजार** रहेकोमा हाल **६१ करोड १९ लाख ९० हजार ९०५ रुपैंया ८५** पैसा संशोधित आय अनुमान रहेकोमा आर्थिक वर्षको अन्त्य सम्ममा कुल खर्च **५४ करोड ६४ लाख ३२ हजार ५४२ रुपैंया ९२ पैसा** अर्थात ८९.२९ प्रतिशत हुने संशोधित अनुमान छ ।

७. चालु आर्थिक वर्षमा संघीय सरकारबाट समानिकरण अनुदान मार्फत **१० करोड ७५ लाख ३७ हजार ५ सय**, राजस्व बाँडफाँड (मुल्य अभिबृद्धि कर, अन्तःशुल्क र रोयल्टी बाफत) **८ करोड ३ लाख ५९ हजार ४३५ रुपैया**, प्रदेश सरकारबाट समानिकरण अनुदान **७४ लाख ५० हजार ६२५**, सवारी साधन कर **५५ लाख ४७ हजार २ रुपैंया ७ पैंसा** गरि कुल **२० करोड ८ लाख ९४ हजार ५६१ रुपैंया ४४ पैंसा** प्राप्त भएको छ ।आन्तरिक राजस्व परिचालन तर्फ वर्षको अन्त्य सम्म **९२ लाख राजस्व** सहित कुल आम्दानी **२१ करोड ९४ हजार ५६१ रुपैंया ८४ पैसा** प्राप्त हुने संशोधित अनुमान रहेको छ।

८. चालु आर्थिक वर्षमा संस्थागत विकास तर्फ हाल सम्म नगरपालिकालाई आवश्यक कानूनहरु निर्माण तथा संशोधन गरिएको छ ।लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति, स्वास्थ्य नीति, वाल संरक्षण नीति, नगर यूवा नीति निर्माण गरिएको छ । नगरपालिकाको प्रथम पञ्चवर्षिय आवधिक योजना-२०७९/०८०-२०८४/०८५, भू-उपयोग योजना-२०७९, विपद पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८०, नगर प्रोफाइल-२०८० निर्माण तथा अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरिएको छ ।

९. नगर स्तरमा ७३ जनालाई सहकारीता सम्वन्धि अभिमुखिकरण र १५ वटा सहकारीका व्यवस्थापक र संचालक गरि २६ जनालाई सहकारी व्यवस्थापन तथा क्षमता विकास तालिम प्रदान गरिएको छ । जसबाट सहकारी संचालन र व्यवस्थापनमा सहजता भएको छ ।

१०. सबै वडामा ईन्टरनेट व्यवस्थापन गरि अनलाईन घटना दर्ता र अन्य कार्य समेत प्रविधिमैत्री बनाईएको छ । जसबाट सेवा प्रवाह गुणस्तरीय, छिटो, छरितो र प्रभावकारी भएको छ । नगरकार्यपालिका कार्यालय र सबै वडा कार्यालयमा विद्युतिय हाजिरि (ई हाजिरी) प्रणाली लागु भई कर्मचारी उपस्थिति दर बृद्धि र सेवा प्रवाहलाई प्रभावकारी तथा नियमित बनाई कर्मचारी व्यवस्थापन लाई प्रभावकारी बनाईएको छ ।

११. नगरपालिकामा सामुदायीक सूचना केन्द्र संचालन, डिजिटल सूचना वोर्ड कार्यान्वयन र सेवाग्राहीको दैनीक अभिलेख राख्ने तथा सेवा सन्तुष्टी/बहिर्गमन फारम मार्फत सेवाको सर्वेक्षण गरि थप सुधार गर्न टेवा पुगेको छ । चालु आर्थिक वर्षमा ८९३ जना महिला, ६३५ जना पुरुष गरि जम्मा १५२८ जना सेवा ग्राहिले सूचना प्रणाली अभिलेखमा दर्ता भएका छन ।नगरपालिकामा पूर्ण रुपमा विद्युतिय भुक्तानी प्रणाली कार्यान्वयनमा रहदा कार्यालयमा दैनीक हुने सेवाग्राहिको भिडभाड न्यूनिकरण, अन्तर बैंक भुक्तानीमा सहजताका साथै सेवाग्राहीलाई बैंकिङ सेवामा आवद्ध गर्न सहज भएको छ ।

१२. नगरबाट हुने सम्पूर्ण सूचनाहरुको एकद्धार प्रणाली बाट स्थानीय तथा अन्य संचारमाध्यम मार्फत नियमित रुपमा प्रकाशन/प्रशारण हुने गरेको छ । यसबाट नगरवासिको सूचना माथिको पहुँच बृद्धी भएको ।

१३. **"नगर सरकार, जनताको घरघर"** कार्यक्रम अन्तर्गत राजस्व संकलनमा करको दायरा विस्तार गर्न १४ वटै वडामा एकीकृत सम्पत्ति कर, व्यापार व्यवसाय दर्ता तथा नविकरण शिविर संचालन गरि ३५ वटा नयाँ व्यवसाय दर्ता भएका छन। विशेषज्ञ सेवा सहितको एकीकृत स्वास्थ्य शिविर संचालन गरि

२२०० जनालाई स्वास्थ्य परीक्षण तथा उपचार गर्नुको साथै जटिल स्वास्थ्य समस्या देखिएका २१ जनालाई काठमाडौं मेडिकल कलेजमा पठाई निःशुल्क उपचार गरिएको छ । गेटा आँखा अस्पताल संगको समन्वयमा आँखा शिविर संचालन गरि ५५५ जनालाई उपचार गरिएको छ ।नगरपालिका भित्रका २५ वर्ष माथिका ९४ जनाको पाठेघरको मुखको क्यान्सरको जाँच, क्षयरोग परीक्षणका लागि वडा नं.१३ मा १४५ जना संकास्पद विरामीहरुको खकार नमूना संकलन गरी परीक्षण,ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रम संचालन गरि ४३६ जना गर्भवतिलाई निःशुल्क भिडियो एक्सरे सेवा प्रदान भएको छ। उप-प्रमुख सुत्केरी उद्धार कार्यक्रम अन्तर्गत जोखिममा रहेका ३४ जना सुत्केरी आमाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा, खोप व्यवस्थापनको लागि नगरका ४ वटा स्वास्थ्य संस्थामा ILR रेफ्रिजेरेटर जडान, सवै स्वास्थ्य संस्थामा स्वाश प्रस्वाश सम्बन्धी सेवाका लागि नेवुलाईजर जडान गरिएको छ ।

१४. न्यायीक समितिका काम, कर्तव्य र अधिकार क्षेत्रबारे न्यायीक समितिका पदाधिकारी तथा मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिएको छ । न्यायीक समितिको न्यायीक प्रक्रियाको विषयमा आम नागरिकलाई सू-सुचित तथा सचेतीकरणको लागि जनचेतनामुलक सडक नाटक संचालन, लैङ्गिक हिंसा न्यूनिकरण गर्न १४ वटै वडामा महिला संजाल गठन गरिएको छ ।

१५. बिद्यालयको सघन अनुगमन गरिविद्यालय मर्ज, दरवन्दी मिलानको नक्साङ्कन गरि ३ वटा विद्यालय मर्ज, २ वटा विद्यालयमा कक्षा थप, ७ वटा विद्यालयलाई डाउनसाईजर ८ वटा वालविकास केन्द्रलाई समायोजन गरि विद्यार्थी अनुपात, विषयगत आवश्यकताका आधारमा शिक्षक दरवन्दी मिलान तथा पुनः वितरण गरिएको छ । चालु आर्थिक वर्षमा चिकित्सा, सूचना प्रविधि, बन विज्ञान, बाली विज्ञान, ईन्जिनियरिङ्ग लगायतका विषयमा उच्च प्राविधिक

शिक्षा अध्ययनरत नगरका ६ जना विपन्न तथा जेहन्दार विद्यार्थिहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ ।

१६. विद्यालय पुर्वाधार विकासका लागि विद्यालय भवन ५ वटा, खाजाघर ५ वटा निर्माण रICT ल्याव २ वटा, विज्ञान प्रयोगशाखा र पुस्तकालय २ वटा स्थापना, ३८ वटा आधारभूत विद्यालयमा ईन्टरनेट सेवा उपलव्ध गराईएको छ । नगरका सबै माद्यमिक विद्यालयमा किशोरिहरुले प्रयोग गरेका सेनिटरी प्याड व्यवस्थापनको लागि विद्युतिय सेनिटर प्याड डिस्पोजेवल मेसिन जडान गरि संचालनमा ल्याईएको छ ।

१७. यस आर्थिक वर्षमा खडखडे खानीपानी, घट्टेखोला खानेपानी योजना लगायत अन्य स-साना खानेपानी निर्माण तथा मर्मत गरि करिब १५० घरधुरीलाई खानेपानी आपूर्ति गरिएको छ । नगर जलस्रोत उपयोग तथा सरसफाई योजना-२०८०, निर्माण कार्य अगाडि बढाईएको छ । मंगलसेन दरवार र वसपार्कमा वास सुविधा सहितका २ वटा सार्वजनिक शौचालय निर्माण गरिएको छ ।

१८. चालु आर्थिक वर्षमा नगरकासार्वजनिक स्थान तथा देवस्थलमा २४ वटा सडक सौर्य वत्तीहरु जडान गरिएको छ । फोहोरमैला व्यवस्थापन मार्फत वैकल्पिक उर्जा प्रवर्द्धन गर्न डम्पिङ साईडमा वायोग्यास उत्पादन कार्यलाई अगाडी बढाईएको छ ।

१९. यस चालु आर्थिक वर्षमा संघ तथा प्रदेश सरकार संगको सहकार्यमा १२ किलोमिटर सडक ग्राभेल, २३ किलोमिटर स्तरोन्नती,११ किलोमिटर नयाँ सडक विस्तार र नगरका ७२ वटै सडक मर्मत गरिएको छ ।

२०. सार्वजनिक सेवा प्रवाह लाई व्यवस्थित गर्न नगरका ३ वडा कार्यालय भवन, १ वटा स्वास्थ्य चौकी भवन निर्माण भएका छन । नागरिकहरुलाई नदी तथा खोलामा आवत जावत सहजताका लागि २ वटा झोलुङ्गे पुल निर्माण भएका छन।

२१. पशु विकास कार्यक्रमलाई प्रवद्धन गर्न नगरका ५ जना भैसी पालक कृषकलाई अनुदान, बाख्रा पकेट क्षेत्र विकास कार्यक्रम ९१ जना कृषकलाई खोर सुधार, ५ जना वङ्गुर तथा टर्की पालन गर्ने कृषकलाई अनुदान, माछापालन व्यवसायको विकास गर्ने उद्देश्यले व्यवसाय गरि राखेका ४ जना कृषकलाई पोखरी निर्माण अनुदान दिईएको छ । लम्पी स्किन महामारी नियन्त्रणका लागि घुम्ती सेवा मार्फत ८ हजार गाईगोरुलाई उपचार सेवा र कृषकलाई परामर्श सेवा प्रदान गरिएको छ ।

२२. चालु आर्थिक वर्षमा ३३ वटा कृषक समूह दर्ता, हिउँदे र वर्षे तकारी बिउ वितरण कार्यक्रम अन्तर्गत ५० % अनुदानमा जम्मा ३१८ जना कृषक लाभान्वित भएका छन, ९६ जना कृषकहरु लाइ आलु को बिउ वितरण, १५६० जना कृषकलाई तरिकारी मिनिकिट वितरण, २१ जना कृषकलाई, ९ वटा फलामे टनेल वितरण गरिएको छ ।

२३. फलफुल पकेट अन्तर्गत सुन्तला पकेट १, किवी पकेट १ र तरकारी पकेट अन्तर्गत १ वटा आलु पकेट संचालन गरिएको छ ।

२४. खाधान्न बालीको उन्नत बिउ उपयोगमा मूल्य अनुदान कार्यक्रम अन्तर्गत १०५ जना कृषकहरु लाइ ५० % अनुदानमा उन्नत जातको गहुँको बिउ वितरण गरिएको छ ।

२५. उद्यम विकास कार्यक्रम तर्फ वडा नं.६, मा चप्पल बनाउने उद्यम ५ जनालाई, भैसी पालनका लागि ११ जनालाई सीप विकास तालिम र १४ जनालाई बाख्रापालन सीप विकास तालिम प्रदान गरिएको छ । वडा नं.७ मा १० जनालाई बाँसको मुढा बुनाई तालिम, ८ जनालाई भैसी पालन सीप विकास तालिम र ११ जनालाई बाख्रापालन सीप विकास तालिम प्रदान गरिएको छ । वडा नं. ८ मा १० जनालाई बाख्रापालन सम्बन्धी सीप विकास तालिम, ७ जनालाई दालमोठ बनाउने सीप विकास तालिम, उद्यम विकासको स्तरोन्ती

अन्तर्गत वडा नं.१ मा ७ जनालाई होजियारी सीप प्रदान गरी स्वरोजगार कार्यक्रमलाई प्रवर्द्धन गरिएको छ ।

२६. चालु आ.व. मा नियमित रोजगार अन्तरगत विभिन्न प्राविधिक र श्रेणीविहिन पदमा १२ जनालाई वार्षिक रोजगार, सडक मर्मत समूह परिचालन मार्फत ३२ जनालाई १२० दिन वरावरको रोजगार, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १९६ जनालाई १०० दिन बरावरको रोजगारी सिर्जना गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म, बजेट प्रणालीमा देखिएका मुख्य चुनौती प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२७. नगरपालिकाको आयमा संकुचन आयको हुँदा स्रोत व्यवस्थापनमा चाप परेको छ ।

२८. आन्तरिक राजस्व परिचालन अपेक्षित रुपमा हुन नसक्दा आन्तरिक आम्दानीको श्रोतको सीमितता, पालिकामा न्यून आर्थिक गतिविधि तथा वित्तिय अनुशासनलाई प्रभावकारी बनाउन चुनौतिका रुपमा रहेका छन ।

**सभाध्यक्ष महोदय,**

२९. आर्थिक वर्ष २०८०/०८१ को बजेटका उद्देश्य यस प्रकार छन

(क) बजेटलाई संघीय र प्रादेशिक नीति तथा प्राथमिकता, दिगो विकास लक्ष्य प्राप्ती र स्थानीय जनताको हित अभिवृद्धिमा केन्दीत गर्ने ।

(ख) उपलब्ध साधन स्रोत, अवसर र सम्भावना पहिचान र उपयोग गरी जनसहभागीताको अभिवृद्धी गर्दै आर्थिक समृद्धी हाँसिल गर्न जोड दिने।

(ग) बजेटलाई उत्पादन मुलक क्षेत्रमा केन्द्रित गरि उत्पादन र उत्पादकत्व अभिवृद्धीमा जोड दिने ।

(घ) दिगो विकासको अवधारणा बमोजिम दिगो, गुणस्तरिय, वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिने ।

(ङ) नगर भित्रका व्यापारिक क्षेत्र, कृषि पकेट क्षेत्र, ऐतिहासिक धार्मिक क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा व्यवस्थित गरी आर्थिक क्रियाकलापमा विस्तार गर्ने ।

(च) स्थानीय श्रम, सिप, उद्यमशिलता विकास गरी रोजगारीको सृजना मार्फत गरिबी न्यूनीकरण गर्ने,

(छ) जनसहभागिता, जवाफदेहिता, कानूनी शासन, पारदर्शीताको प्रवर्द्धन गर्दै सुशासन कायम गर्ने,

(ज) सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, जनमैत्री बनाउन विद्युतीय शासन, क्षमता विकास र सेवा प्रवाहमा नवप्रवर्तनको अभिवृद्धी गर्ने ।

३०. अब म आर्थिक बर्ष २०८० /०८१ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१. दिगो, वातावरणमैत्री, गुणस्तरिय पूर्वाधार निर्माण ।
२. सरल, सहज, पारदर्शि, जनमैत्री सेवा प्रवाह ।
३. नागरिकका लागि काम र रोजगारीका अवसर, खाद्य सुरक्षा, सुरक्षित आवास ।
४. सर्वकालिन सामाजिक सुरक्षा र संरक्षण, सामाजिक न्याय र लक्षित वर्ग उत्थान ।
५. योजनावद्ध विकास, विद्युतीय शासन, भ्रष्टाचार मुक्त नगरपालिका, प्रगतिशिल कर प्रणाली ।
६. व्यावसायीक कृषि मार्फत तरकारी, खाद्यान्न, फलफुल, दुध र मासुजन्य उत्पादनमा बृद्धि ।

७. एकिकृत घुम्ती सेवा, कृषि, पशु र स्वास्थ्य बीमा, राहत जस्ता सामाजिक संरक्षण तथा सुरक्षाका कार्यक्रमहरु,

८. स्थानीय उत्पादन प्रवर्द्धन, युवा उद्यम विकास तथा रोजगार र सहकारी,

९. गुणस्तरीय शिक्षा, छात्रवृत्ती तथा स्थानीय भाषा, कला, सीप, संस्कृतीको संरक्षण तथा प्रवर्द्धन ।

१०. संघ, प्रदेश, स्थानीय र गैरसरकारी संघ संस्था बीच समन्वय र सहकार्य मार्फत सन्तुलित विकास ।

११. जनशक्ति विकास,

**सभाध्यक्ष महोदय,**

बजेटले लिएको उद्देश्य हाँसिल गर्न देहायबमोजिम सुधार प्रस्ताव गरेकी छु

३१. आगामी वर्ष देखि नगरपालिकालाई बजेट सिमा निर्धारण भए अनुसार बैशाख १५ गते भित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता नगरसभामा पेश गर्ने व्यवस्था मिलाईनेछ ।यसबाट विनियोजन विधेयक सिदान्त र प्राथमिकता उपर प्रयाप्त छलफल गरि नगरसभा सदस्यहरुबाट प्राप्त मार्गदर्शन र सुझावका आधारमा यथार्त परक वजेट तर्जुमा गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।

३२. आगामी आर्थिक वर्षको बजेट कार्यन्वयन कार्ययोजना श्रावण मसान्त भित्र नै तर्जुमा गरि कार्यान्वयनमा लगिनेछ । कार्ययोजनाको विषयगत समिति, नगर कार्यपालिकाबाट नियमित रुपमा अनुगमन गरिनेछ । स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने वडा कार्यलय, विषयगत शाखाले श्रावण मसान्त सम्म कार्यविधि र निर्देशिका तयार गरि लागु गर्नेछन ।

३३. बहुसंख्य जनताले लाभ प्राप्त गर्ने आयोजना र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा बजेट केन्दित अभिवृद्धी गर्ने नीति लिएको छु । लगानी प्रवर्द्धन गर्न व्यवसायी मैत्री लगानीको वातावरण सिर्जना गरिनेछ । उत्पादनमुलक उद्योग तथा कृषि पर्यटन, सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

३४. जग्गा प्राप्ती, श्रोत सुनिश्चितता लगायतको पूर्वतयारी विना कुनै पनि आयोजनको सहमति दिने अनियन्त्रीत प्रवृतिको अन्त्य गरिनेछ ।

३५. सार्वजनिक खरिद कार्यलाई सरलीकृत, पारदर्शी र प्रभावकारि वनाउन नगरपालिकाको सार्वजनिक खरिद नियमावली आवश्यक परिमार्जन गरिनेछ । विद्युतिय खरिद प्रणालीलाई जोड दिदै प्रतिस्पर्धाको सिर्जना गरि उचित मूल्यमा गुणस्तरीय वस्तु र सेवा आपूर्तिको व्यवस्था गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

अब म, आगामी आर्थिक वर्षको बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**प्रशासनिक तथा कार्यालय संचालन तर्फः**

३६. आर्थिक वर्ष २०८०/०८१ को दैनिक कार्यालय संचालन र प्रशासनिक कार्यका लागी रु १० करोड बजेट विनियोजन गरेकी छु ।

३७. संस्थागत तथा सुशासन क्षेत्रको विकासका लागी विद्युतीय शासनलाई प्रभावकारी रुपमा कार्यान्वयनका साथै स्मार्ट पालिका निर्माणका लागि इन्टरनेट सेवाको विस्तार गर्न रु. ३१ लाख विनियोजन गरेकी छु ।कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास कार्यलाई उच्च प्राथमिकतामा राखि क्षमता विकास कार्यक्रय संचालनको लागि आवश्यक बजेटको व्यवास्थापन गरेकी छु।

३८. रोजगारी सिर्जना र ग्रामिण सडक मर्मत गर्न सडक मर्मत समूह परिचालन कार्यक्रमलाई निरन्तरता दिएकी छु।

३९. स्थानीय सरकार संचालन ऐनले दिएको अधिकार अनुसार गठित न्यायीक समिति र सो को व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु । कानूनको समयसापेक्ष परिमार्जन र संशोधन र निर्माण गर्ने, कार्यको निरन्तरता दिदै पालिकाको कानूनी व्यवस्थालाई सहजीकरण गर्ने कार्यमा जोड दिएकी छु ।

४०. निजी तथा सामुदायी वन प्रवर्धन कार्यक्रम, परम्परागत सीप संरक्षण, यूवा क्लव गठन तथा संचालन कार्यक्रमका लागि आवश्यक बजेटको व्यावस्था गरेकी छु ।

४१. प्राकृतिक तथा मानवीय कारणले उत्पन्न हुन सक्ने बिभिन्न विपद जोखिम न्यूनीकरण, रोकथाम तथा पुनःस्थापना कार्यका लागीरु २० लाख विनियोजन गरेकी छु ।

४२. नगरपालिका मार्फत प्रवाह हुने सेवालाई नागरिक समक्ष पुर्याउन विभिन्न संचारमाध्यमहरुको उपयुक्त प्रयोगका लागि संचार माध्यमसँग अन्तरक्रिया, सहकार्य र समन्वय, सूचना तथा विज्ञापन वितरण प्रणालीलाई व्यवस्थित गर्दैलैजान रु १५ लाख विनियोजन गरेकी छु ।

## सामाजिक विकास तर्फः

**शिक्षाः (२ करोड ६० लाख )**

४३. गुणस्तरिय शिक्षा आजको आवस्यकता अनुसार नगरपालिकाले नगर शिक्षक अनुदान कार्यक्रमलाई निरन्तरताका लागि रु. ८१ लाख ८९ हजार विनियोजन गरेको छु ।बालविकास केन्द्रका सहजकर्ताहरुको थप तलबको लागि रु.१ करोड १३ लाख ३९ हजार ५ सय रुपैंया विनियोजन गरेकी छु ।

४४. विद्यालय खाजा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन तथा सिकाई उपलब्धिदर बृद्धि गर्नका लागि भान्छाघर व्यवस्थापन र कक्षाकोठा मर्मतका लागि रु.१० लाख विनियोजन गरेकी छु ।

४५. शिक्षकहरुको मनोबल बढाई सिकाई उपलब्धीमा बृद्धि गर्ने तहगत रुपमा उत्कृष्ट शिक्षक प्रोत्साहनको लागि बजेटको ब्यवस्था गरेकी छु ।

४६. शैक्षिक क्रियाकलाप अन्तर्गत सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण तथा छपाई र विद्यार्थीहरुको

सिर्जनात्मक क्रियाकलाप संचालनका लागि आवश्यक बजेटको व्यवस्थापन गरेकी छु ।

४७. जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता आयोजना, संचालन तथा व्यवस्थापन, नगर स्तरिय खेलकुद कार्यक्रमको लागि रु ३० लाख विनियोजन गरेकी छु ।

४८. स्थानीय भाषा, कला, संस्कृतीको संरक्षण एवम् सम्बर्द्धन गर्ने कार्यको निरन्तरताको लागि बजेटको व्यवस्था मिलाईएकी छु ।

४९. यूवा नेतृत्व विकास तथा लागु औषध नियन्त्रण कार्यक्रम संचालनको लागि रु ५ लाख विनियोजन गरेकी छु ।

**स्वास्थ्यः** (कुल विनियोजित बजेट रु. १ करोड ६० लाख )

५०. महिला सँग उप-प्रमुख कार्यक्रम निरन्तरताको लागि रु ७ लाख १९ हजार बजेट विनियोजन गरेकी छु ।

५१. वहुक्षेत्री पोषण कार्यक्रम, महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन कार्यक्रमको निरन्तरता दिदै सबै वडाहरुमा नगरपालिका संग जेष्ट नागरिक स्वास्थ्य कार्यक्रम संचालनका लागि बजेटको व्यवस्थापन गरेकी छु ।नगरका सबै वडामा **"नगर सरकार, स्वस्थ आमा सुरक्षित शिशु सुन्दर संसार"** कार्यक्रम संचालनका लागिरु ७ लाख ५० हजार बजेट विनियोजन गरेकी छु ।

५२. किशोर किशोरी मैत्री स्वास्थ्य संस्था (जनाली र वलिगाउँ) पोषणमैत्री स्वास्थ्य संस्था (जुपु र कालागाउँ) घोषणा गर्न बजेटको व्यवस्था गरेकी छु ।

५३. नगरपालिका भित्र रहेका १७ वटा स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मीको अभाव हुन नदिन जनशक्ती व्यवस्थापनको लागि रु.१ करोड ४ लाख र औषधी खरिदको लागि २५ लाख बजेट बिनियोजन गरेकी छु ।

**महिला, बालबालिका तथा जेष्ट नागरिक तर्फः** (कूल विनियोजित बजेट रु. २७ लाख)

५४. उच्च शिक्षा उतिर्ण दर बढाउने र बालविवाह न्यूनीकरण गर्न"बीस वर्ष पछि, स्नातक जोडी" कार्यक्रम संचालनको लागि रु ५ लाख विनियोजन गरेकी छु ।

५५. लैङ्गिक हिंशा न्यूनिकरणका लागि सासुवुहारी सचेतीकरण कार्यक्रम, सम्वाहक जोडी सम्मान कार्यक्रम संचालनको लागि बजेटको व्यवस्थापन गरेकी छु । हिंसा पिडितहरुको उद्दार र पुनःस्थापना कार्यमा सहयोग पुर्याउन लैङ्गिक हिंसा कोषलाई निन्तरता दिदै लैंङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यको लागि विभिन्न संघ संस्थाहरु संग साझेदारी गरि मनोपरामर्श, कानूनी सहायता, पुनःसामाजिकरणको कार्यक्रमहलाई निरन्तरता दिएकी छु ।

५६. अपाङ्गगता भएका व्यक्तिहरु, विद्यायल विमुख किशोरीहरु, एकल महिला, विपन्न तथा बन्चितीकरणमा परेका महिलाहरुलाई आर्थिक सहयोग, सिप विकास तालिम, विउपुजी अनुदान जस्ता कार्यक्रमहरु संचालन गरि क्षमता विकास तथा आर्थिक सशक्तिकरणका लागि बजेटको व्यावस्था मिलाएकी छु ।

५७. वालमैत्री स्थानीय शासनको स्थापनाको लागि वाल संजाल गठन, पूनःगठन गरि बालबालिकाका क्षमता अभिबृद्धिको कार्यक्रमलाई निरन्तरता दिएकी छु ।

## आर्थिक विकास

कृषिः

५८. कृषि उत्पादनमा बृद्धि गर्न साना सिचाँई निर्माण/मर्मत कार्यक्रम निरन्तरताका लागि रु. ४ लाख बजेट विनियोजन गरेकी छु ।नगरलाई तरकारी, फलफूल, मसला बाली विकास कार्यक्रमलाई निरन्तताका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

५९. मौरीपालन व्यवसाय प्रवर्धन मार्फत मह उत्पादनमा बृद्धि गर्न मौरी गोला सहितको घार सहयोग र आवस्यक सामग्री व्यवस्थापनको लगि बजेट विनियोजन गरेकी छु ।

६०. महिलाहरुलाई कृषि उत्पादनमा व्यावसायीक बनाउन क्षमता अभिबृद्धिका लागि कृषि उत्पादन महिला किसान शसक्तिकरण कार्यक्रम संचालन गर्न रु.२ लाख विनियोजन गरेकी छु ।

६१. कृषि उत्पादनलाई बृद्धि गर्न कृषकहरुको खेतबारीको माटो परीक्षण तथा बाली उपचार कार्यक्रम संचालनको लागि वजेटको व्यवस्था गरेकी छु ।

६२. स्थानीय जातको बाली संरक्षण, प्रवर्द्धन र वजारीकरणको लागि सहकारी मार्फत कोशेली घर संचालनको लागि बजेट व्यवस्था मिलाईएकी छु ।

६३. नश्ल सुधार, भकारो सुधार तथा व्यवसायीक रुपमा भैसीपालक कृषक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएकी छु ।

६४. नगरलाई मासु जन्य वस्तुमा आत्मनिर्भर बनाउन र रैथाने जातका पशुपंक्षिहरुको संरक्षण गर्न विपन्न किसानलाई समुह मार्फत लगानीका लागि रु २ लाख ५० हजार बजेट विनियोजन गरेकी छु ।

६५. पशुपंक्षीमा हुने विभिन्न रोगहरुको परीक्षण, रोकथाम र नियन्त्रण गर्न पशुपंक्षी उपचार सेवा कार्यक्रम प्रभावकारी वनाउन परीक्षण प्रयोगशाला स्थापनाको लागि रु ३ लाख बजेट विनियोजन गरेकी छु ।

६६. गुणस्तरिय पशुपंक्षी उपचार सेवा प्रदान गर्न पशु सेवा प्राविधिकहरुको दक्षता अभिवृद्धी कार्यक्रम संचालनको व्यवस्था मिलाईएकी छु । पशुहरुको उत्पादकत्व वृद्धि गर्न व्यवसायीक पशुपालक कृषकहरुलाई UMMB तालिम संचालनको लागि रु २ लाख बजेट विनियोजन गरेकी छु ।

## पूर्वाधार विकासः

६७. नगरमा निर्माण हुने संरचनाहरुमा गुणस्तर कायम गरि दिगो पूर्वाधार निर्माण गर्न पूर्वाधारगुणस्तर परीक्षण प्रयोगशाला संचालनको रु १५ लाख विनियोजन गरेकी छु ।

६८. पालिका केन्द्र जोड्ने कालोपत्रे सडकका लागि संघीय सरकारको समपुरक अनुदान साझेदारीको लागि रु २ करोड रकम विनियोजन गरेकी छु ।

६९. सेवा प्रवाहलाई छिटो छरितो र व्यवस्थित बनाउन वडा कार्यालयका प्रशासनिक भवन, स्वास्थ्य चौकी भवन र विद्यालयका भवन निर्माण कार्यलाई निरन्तरता दिएकी छु ।

७०. नगरपालिकालाई स्वच्छ, सफा बनाउनफोहोर मैला तथा ढल व्यवस्थापन गर्न संघीय सरकार र प्रदेश सरकारसंग समन्वय तथा साझेदारीका कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

७१. नगरको उपचार सेवालाई प्रभावकारी बनाउन र अस्पताल सम्मको पहुँचलाई आम नागरिकलाई आपत्कालिन उपचार सेवाका लागि एम्बुलेन्स सेवा प्रदान एम्बुलेन्स खरिदको लागि रु. २५ लाख, वयलपाटा अस्पताल र अछाम अस्पताललाई सहयोग कार्यक्रम निरन्तता दिएकी छ ।

७२. अल्पसंख्यक बादी समुदायको व्यवस्थित आवास सहितको आफ्नै घर बनाई दिने नीति अनुसार यो वर्ष पनि बादी समुदायको घर निर्माणको लागि रु. ६ लाख विनियोजन गरेकी छु ।

७३. नगर क्षेत्र भित्र उच्च क्षिक्षा प्रदान गर्ने संस्थाहरु कैलाश बहुमुखी क्याम्पसलाई रु.१० लाख र अछाम बहुमुखी क्याम्पसलाई रु.१५ लाख बजेट विनियोजन गरेकी छु ।

७४. नगरपालिका भित्र रहेका पानीका मुहान संरक्षण कार्यलाई निरन्तरता दिन रिचार्ज पोखरी निर्माणको लागि रु.३ लाख विनियोजन गरेकी छु ।

७५. आगामी ४ वर्ष भित्र एक घर एक धारा भन्ने नीतिलाई सार्थकता दिन खानेपानी मर्मत तथा साझेदारीको लागि रु.५० लाख विनियोजन गरेकी छु ।

७६. बाली विज्ञान विषयको स्नातक कक्षा संचालको लागि प्रभाधम्कोट मा.वि.साफेबगर-३ लाई रु.५ लाख विनियोजन गरेकी छु ।

७७. नगर भित्रका सडक सरसफाई तथा मर्मत कार्यलाई निरन्तरता दिन सडक बोर्ड सझेदारी तथा सरसफाई कार्यक्रमलाई निरन्तरता दिएकी छु ।

**सभाध्यक्ष महोदय,**

अब म, आगामी आर्थिक वर्षको बजेट विनियोजनका लागि प्राप्त भएका स्रोतहरुको आधार लिई नगरपालिकाको आय-व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक वर्ष २०८०।८१ को आय-व्यय विवरण**

| क्र.सं. | आम्दानीका स्रोत | रकम रु. |
|---|---|---|
| १ | **संघीय सरकारबाट प्राप्त अनुदान** | **४२ करोड ७८ लाख** |
| १.१ | वित्तीय समानिकरण अनुदान | १० करोड ७४ लाख |
| १.२ | ससर्त अनुदान | ३० करोड ६२ लाख |
| १.३ | विशेष अनुदान | ८५ लाख |
| १.४ | समपुरक अनुदान | ५५ लाख |
| २ | **सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान** | **२ करोड २४ लाख ७९ हजार** |
| २.१ | वित्तीय समानिकरण अनुदान | ८९ लाख ७९ हजार |
| २.२ | ससर्त अनुदान | ५५ लाख |
| २.३ | विशेष अनुदान | ८० लाख |
| ३ | **राजस्व बाँडफाडबाट प्राप्त रकम** | **१२ करोड ३९ लाख ९३ हजार** |
| ३.१ | संघीय सरकारबाट प्राप्त राजस्व बाँडफाँड | ११ करोड ७० लाख ९९ हजार |
| ३.२ | सवारी साधन करबाट प्राप्त रकम | ६८ लाख ९४ हजार |
| ४ | आन्तरिक स्रोत | २ करोड १४ लाख ९८ हजार |
| ४.१ | आन्तरिक राजस्व परिचालन | १ करोड २३ लाख ४५ हजार |
| ४.२ | बैंक मौज्दात अ.ल्या. | १ करोड ७७ लाख ५३ हजार |
| कुलआय | | ५९ करोड ८ लाख ६७ हजार |

व्यय तर्फ

| क्र.सं. | व्यय | रकम रु.हजारमा |
|---|---|---|
| १. | साधारण तथा प्रशासनिक तर्फ | १० करोड २५ लाख |
| २. | साधारण तथा प्रशासनिक तर्फ ( ससर्त) | २० करोड २२ लाख |
| ३. | विकास बजेट | २८ करोड ६१ लाख ६७ हजार |
| | जम्मा | ५९ करोड ८ लाख ६७ हजार |
| १. | कार्यालय संचालन तथा प्रशासनिक | १० करोड २५ लाख |
| २ | संस्थागत विकास | २ करोड ३ लाख ५० हजार |
| ३ | पूर्वाधार विकास | ६ करोड ४१ लाख |
| ४ | कृषि विकास शाखा | ३५ लाख |
| ५ | पशु विकास शाखा | ३१ लाख |
| ६ | महिलाबालबालिका तथा ज्येष्ठ नागरिक | २७ लाख |
| ७ | शिक्षा शाखा तर्फ | २ करोड ६० लाख |
| ८ | स्वास्थ्य शाखा तर्फ | १ करोड ६० लाख |
| ९ | वडा नं.१ | २८ लाख |
| १० | वडा नं.२ | १० लाख |
| ११ | वडा नं.३ | २९ लाख ५० हजार |
| १२ | वडा नं.४ | २८ लाख |
| १३ | वडा नं.५ | ३० लाख |
| १४ | वडा नं.६ | १८ लाख |
| १५ | वडा नं.७ | २० लाख |
| १६ | वडा नं.८ | १८ लाख |
| १७ | वडा नं. ९ | १९ लाख |
| १८ | वडा नं. १० | १८ लाख |
| १९ | वडा नं. ११ | १६ लाख ५० हजार |
| २० | वडा नं. १२ | २९ लाख ५० हजार |
| २१ | वडा नं. १३ | ३१ लाख |
| २२ | वडा नं. १४ | २९ लाख |
| २३ | संघीय ससर्त अनुदान | ३० करोड ६२ लाख प्राप्त भएको छ |
| २४ | संघीय विशेष अनुदान | ८५ लाख |
| २५ | संघीय समपुरक अनुदान | ५५ लाख |

| | | |
|---|---|---|
| २६ | सुदूरपश्चिम प्रदेश ससर्त अनुदान | ५५ लाख |
| २७ | सुदूरपश्चिम प्रदेश विशेष अनुदान | ८० लाख |
| जम्मा | | ५९ करोड ८ लाख ६७हजार |

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०८०।०८१ मा यस नगर क्षेत्र भित्र कार्यक्रम संचालन गर्नको लागि विभिन्न संघ संस्थाहरुले प्रस्ताव गरेको कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

७८. खानेपानीकोदिगो व्यवस्थापन कार्य संचालन गरि आम नागरिकको स्वच्छ खानेपानी माथिको पहुँचमा बृद्धि गर्न एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम ( हेल्भेटास) संग लागत सहभागिता हुने गरि रु. १ करोड ५० लाख बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।पूर्ण सरसफाई तथा स्वच्छता सम्बन्धी क्रियाकलापहरु संचलानमा रु.६ लाख लागत सहभागिता हुने गरि कार्यक्रम प्रस्ताव गरिएको छ ।

७९. किशोर किशोरी एवम् युवाहरुका लागि एकीकृत जीवन उपयोगी सीप कक्षा सञ्चालन, समूह गठन, अपांगता भएका, विद्यालय बाहिर रहेका वा विद्यालय छोडेका किशोर किशोरीहरुलाई कार्यमुलक साक्षरता र गणितिय सीप विकास संञ्चालन, उपचारात्मक कक्षा सञ्चालन र विद्यालय निरन्तरता का लागि शैक्षिक वृत्ति सहयोग कार्यक्रम, अपाङ्गता भएका व्यक्ति विशेषतः अपाङ्गाता भएका युवा हरुको नक्साङ्कन/छनौट जस्ता कार्यक्रमका लागि वाक नेपाल, अछाम संग लागत सहभागिता रहनेगरि रु. ३३ लाख बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

८०. पिसविन नेपालको लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम र प्रतिकार्य परियोजना दोश्रो चरणका लागि लागत साझेदारी रहने गरी रु. ३४ लाख ४७ हजार ९ सय ४९ रुपैया बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

८१. साथी संस्था र नगरपालिकाको लागत साझेदारी रहने गरि लैंगिक हिंसा निवारण तथा हिंसा प्रभावितहरुको जिवन रक्षा, सुरक्षा र सशक्तिकरणको लागि साझेदारीमा कार्यक्रम सञ्चालनको व्यवस्था गरिएको छ ।

८२. उर्जा विकास कार्यक्रमलाई सञ्चालनका लागि जि.आई.जेड.संगको साझेदारी कार्यक्रमको प्रस्ताव गरेकी छ ।

८३. मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र र मंगलसेन नगरपालिको साझेदारीमा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य रोकथाम तथा प्रतिकार्य परियोजना साझेदारीको लागि बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ

**सभाध्यक्ष महोदय**

अन्त्यमा,

प्रस्तुत बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नुहुने नगर प्रमुखज्यू, बिषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, कार्यपालिकाका सदस्यज्यू, वडा अध्यक्ष तथा सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी, शिक्षक, बुद्धिजीवी, नागरिक समाज, संचारकर्मी, विकास साझेदार सरकारी तथा गैर सरकारी संघ संस्थाहरु लगायत समस्त नगरवासी प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**धन्यवाद**

२०८० साल असार ८ गते शुक्रवार ।

# अनुसूची-१

| शीर्षक | | आ. व. २०७८/०७९ को यथार्त | आ. व. २०७९/८० को संशोधित अनुमान | आ. व. २०८०/८१ को अनुमान |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व | १०५१६८०४.८६ | १०७५००००.०० | १२३४५०००. |
| २ | **संघीयसरकारबाट प्राप्त हुने अनुदान** | ४१०४९१७७७ | ४५१४१४५८३ | ४२७८००००<br>० |
| १३३११ | वित्तीय समानिकरण अनुदान | ११४७००००० | १२२९००००० | १०७६००००० |
| १३३१२ | ससर्त अनुदान | २९५७९१७७७.१७ | ३०६५१४५८३ | ३०६२००००० |
| १३३१७ | समपुरक अनुदान | | १४०००००० | ५५००००० |
| १३३१५ | विशेष अनुदान | | ८०००००० | ८५००००० |
| २ | **सुदूर पश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान** | १९८१८०१६.२ | १३५४५००० | २२४७९००० |
| १३३११ | वित्तीय समानिकरण अनुदान | ८०८१००० | ८५१५००० | ८९७९००० |
| १३३१२ | ससर्त अनुदान | २००२७२७.५० | | ५५००००० |
| १३३१७ | समपुरक अनुदान | ४८३५९१०.९२ | २५३०००० | |
| १३३१५ | विशेष अनुदान | ४८९८३७७.८० | २५००००० | ८०००००० |
| ३ | **राजस्वबाँडफाँड** | १००९८१४८७ | १२५९८४००० | १२३९९३००० |
| ११४११ | **संघीय सरकारबाट प्राप्त हुने मु अ क र अन्त शुल्क** | ९५६७२४०९.६ | ११९५०५००० | ११७०९९००० |
| ११४५६ | **सवारी साधन कर प्रदेश सरकारबाट प्राप्त** | ५३०९०७७.५ | ६४७९००० | ६८९४००० |
| ४ | अन्य (**आन्तिक स्रोत बैंक मौज्दात**) | ४०८९४१४१.४५ | ५८६७१७६८.४८ | १७७५३००० |
| | जम्मा | ५८२७०२२२६.७८ | ६६०३६५३५१.४८ | ५९०८६७००० |
| १ | चालु खर्च | ४०६६२७८३८.१६ | ४७२०९९०००. | ४६४०५८२५० |
| २ | पुजिगत खर्च | ११७४०२६२०.१४ | १८८२६६३५१.४८ | १२६८०८७५० |
| ३ | बैंक मौज्दात | ५८६७१७६८.४८ | | |
| जम्मा | | ५८२७०२२२६.७८ | ६६०३६५३५१.४८ | ५९०८६७००० |